श्री कालिका सामुदायिक वन उपभोक्ता समूह, सुस्ता गा.पा. वडा नं. १, नवलपरासी

गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति २०८३/०३/२१ बुटवल टुडे

बिस्तृत सूचना

डिभिजन वन कार्यालयको नवलपरासी (ब.सु.प.) को च.नं. २६७९ मिति २०८३/०३/०३ को समूह बाहिर वन पैदावार लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका अस्ना, बर्रो, कुसुम, खयर लगायतका गोलिया थान ११४ को ८७०.९८ घ.फी. काठ तथा साल बाहेक अन्य जातको मिश्रित दाउरा ३.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भई अध्यावधिक भएका काठ दाउरामा आधारित इच्छुक उद्योगहरुले यो सूचना दोस्रो पटक प्रकासित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरीद गरी २२ औ दिनको २.०० बजे समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ ।बिस्तृत सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको ब्यहोरा सम्बन्धित सवैलाई अनुरोध छ ।

तपसील

| सि.नं | जात | ग्रेड | थान | परिमाण | दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | असना | ए | ५ | १४८.४४ | ४०० | ५९३७६ | २१५२३.८० | |
| | असना | बि | ८ | १०८.७२ | ३०० | ३२६१६ | १५७६४.४० | |
| | असना | सि | ७ | १२९.२५ | १०० | १२९२५ | १८७४१.२५ | |
| २ | बर्रो | | १९ | २०५.५ | २०० | ४११०० | २९७९७.५० | |
| ३ | कुसुम | | २० | २०६.२ | १०० | २०६२० | २९८९९.०० | |
| ४ | खयर | | ५५ | ७२.८७ | १००० | ७२८७० | १०५६६.१५ | |
| गोलिया काठको जम्मा | | | ११४ | ८७०.९८ | | २३९५०७ | १२६२९२.१० | |
| साल बाहेक अन्य जातको मिश्रित दाउरा चट्टा | | | | ३.०० | ४००० | १२००० | ३४५००.०० | |
| **कूल जम्मा** | | | | | | **२५१५०७** | **१६०७९२.१०** | |

शर्त तथा नियमहरु

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०४/१० कार्यालय समय सम्म ।

२ . बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८३/०४/११ दिनको २:०० बजे सम्म

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समूहको राष्ट्रिय बाणिज्य बैंक परासी शाखा कार्यालय रहेको हिसाव नं. ३१००१०००९१२२१०१० मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी समाबेश गरेको हुनु पर्नेछ ।

अध्यक्ष

४. बोलपत्र फारम रु १०००/- (पछि फिर्ता नहुने गरि) तिरी यस समूह वा डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) बाट खरीद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्धीमा गइ हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भई अध्यावधिक भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाण-पत्र, कर दर्ता/ चुक्ताको प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.पि.एन.) दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कारोबार गर्न अनुमति पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

७ निर्धारित न्यूनतम संख्या र रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८३/३/१२ गते दिउसो २:३० बजे समूहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ साथै बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोलिनेछ ।

८ बोलपत्र खरीद तथा दाखिला गर्ने, खोल्ने दिन बिदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ

९ लिलाम बिक्रि सदर भएको जानकारी प्राप्त भएको मितिले वा समूहले कार्यालयको सूचना पाटिमा टाँस गरी को मितिले ४५ दिन भित्र सकार रकम, मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुटै बुझाइ लिलाम चढेका वन पैदावार तोकिएको अवधी भित्र उठाइ लैजानु पर्नेछ ।

१० बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिईनेछ ।

११ बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार समूहमा रहनेछ

१२ अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

अध्यक्ष

# गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सुचना

(दोस्रो पटक सुचना प्रकाशित मिति: २०८३/०३/२१

प्रतापुर सुस्ता सबडिभिजन वन कार्यालको च.न.४४१ मिति २०८३/०२/११ गतेको लिलाम अनुसार यस सामुदायिक वन उपभोक्ता समूह सुस्ता-१, नवलपरासीको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको असाना स्थान जातको जम्मा गोलिया थान ३८९.४२ क्युफिट, बरौ जातको जम्मा गोलिया थान १९ थान को २०५.५० घनफिट कुसुम जातको जम्मा गोलिया २० थान २०९.२० घनफिट, खयरजातको जम्मा गोलिया ५५ थान ८२.८९ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलबन्दी लिलाम बढाबढ प्रकृया द्वारा बिक्री गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ।

**कालिका सामुदायिक वन उपभोक्ता समूह**

सुस्ता १, फोचुवा नवलपरासी (ब.सु.प.)